**बहिष्करणमा पारिएका समुदायको दृष्टिमा**
**संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको समावेशी संविधान**
**परिमार्जन कार्यशाला गोष्ठि**
**बज्र होटल, काठमाण्डौ**
**२३ र २४  माघ २०६७ (6-7 Feb 2011)**

## प्रतिवेदन

## १.पृष्ठभूमी

गणतन्त्रको स्थापनासंगै राज्यपुर्नसंरचना र संविधान लेखनको प्रकृया चलिरहेको नेपालको वर्तमान अवस्थामा विभिन्न क्षेत्र र समुदायका व्यक्तिहरुले आ-आफ्नो हक अधिकारका पक्षमा विभिन्न वहस र पैरवी गर्दै आइरहेका छन् । यही परिप्रेक्ष्यमा  भेदभाव विरुद्ध राष्ट्रिय मञ्च नेपाल (एनकार्ड) ले राज्यद्वारा वहिष्करणमा पारिएका सुमुदाय (दलित, जनजाती र मुस्लिम) माथि हुने विभेदको विरुद्धमा विभिन्न कार्यक्रम मार्फत आवाज उठाउदै आइरहेकाछन् र यी समुदायको हक अधिकारको लागि राज्यलाई दवाव दिनका लागि विभिन्न कार्यक्रमहरु पनि संचालन गर्दै आएको छ । यही सन्दर्भमा सिमान्तकृत समुदायहरुको दृष्टिकोणबाट अव बन्ने संविधान कस्तो हुने भन्ने सन्दर्भमा र बन्न लागेको नयाँ संविधानमा दलित, आदिवासी जनजाती, मुस्लिम तथा अन्य विभेदमा पारिएका समुदायको मनोभावनालाई समेट्ने गरि एउटा वैकल्पिक संविधानको निर्माणार्थ विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्रोत व्यक्ति एवं दलित, जनजाती र मुस्लिम अधिकारकर्मीको उपस्थितिमा पाँच दिने आवाशिय कार्यशाला गोष्ठिमा  तयार परिएको संविधानको मस्यौदा र  राष्ट्रिय परामर्श गोष्ठीको आयोजाना गरि पुनः सवै क्षेत्रका दलित, जनजाती तथा मुस्लिम अधिकारकर्मीको राय सल्लाह र सुझावका आधारमा परिमार्जन गरि त्यसलाई पूर्णता दिनका लागि बहिष्करणमा पारिएका समुदायको दृष्टिमा संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको समावेशी संविधान परिमार्जन कार्यशाला गोष्ठि बज्र होटल, काठमाण्डौमा मिति २३ र २४  माघ २०६७ (6-7 Feb 2011) का दिन सम्पन्न भयो ।



## २. कार्यक्रमको उद्धेश्य

यस कार्यक्रमको प्रमूख उद्धेश्य राष्ट्रिय परामर्श गोष्ठिका सहभागीहरुले दिएका सल्लाह सुझाव र प्रतिकृयाको आधारमा वहिष्करणमा पारिएको समुदायको दृष्टिकोणबाट तयार पारिएको संविधानको मस्यौदालाई पूर्णता दिनु हो ।

## ३.कार्यक्रमको प्रकृया र प्रमूख गतिविधि

डा. सुमित्रा मानन्धर गुरुङ्गको अध्यक्षतासंगै प्रारम्भ भएको यस कार्यक्रममा मुख्य रुपमा संविधानका विविध विषयमा राष्ट्रिय परामर्श गोष्ठिद्वारा आएका सल्लाह, सुझाव र प्रतिकृयालाई संविधान तथा कानूनविद प्राध्यापक पूर्णमान शाक्य तथा अन्तर्राष्ट्रिय स्रोत व्यक्ति डा. महेन्द्र लावती लगायत दलित, जनजाती र  मुस्लिम अधिकारकर्मीहरुमाझ पुनः छलफल गरि संविधानमा राखिने विषयहरुको बारेमा निर्णय लिइएको थियो । यस कार्यशाला गोष्ठिमा मुख्य रुपमा संविधानका निम्न विषयमा छलफल गरि निर्णय गरिएको थियो । प्रस्तावना, नागरिकता, मौलिक हक, राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा



नीतिहरू, संघीय कार्यपालिका, संघीय व्यावस्थापिका, संघीय व्यावस्थापन कार्यविधि, संघीय आर्थिक कार्य प्रणाली, संघीय न्यायपालिका, प्रान्तिय कार्यपालिका, प्रान्तिय व्यवस्थापिका, प्रान्तिय व्यवस्थापन कार्यविधि, प्रान्तिय आर्थिक कार्य प्रणाली, प्रान्तिय न्यायपालिका, स्थानीय सरकार,  विशेष संरचना सम्बन्धि व्यवस्था, राज्यको पुनर्संरचना तथा अधिकारको बाँडफाँड, भाषा सम्बन्धी व्यवस्था, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महालेखापरीक्षक, लोकसेवा आयोग, निर्वाचन आयोग, मानव अधिकार आयोग लगायत अन्य आयोगहरु, महान्यायाधिवक्ता, राजनीतिक दल, संकटकालीन अधिकार, सेना सम्बन्धी व्यवस्था, संविधान संशोधन, संक्रमणकालीन व्यवस्था आदिका वारेमा छलफल गरिएको थियो ।

यसका साथै संविधानमा उल्लेख गरिने अनुसुचीहरु; संघको अधिकारको सूची, प्रान्तको अधिकारको सूची, साझा अधिकारको सूची, स्थानीय सरकारको अधिकारको सूची, विशेष संरचना अन्तर्गत स्थापना

हुने स्वायत क्षेत्रको अधिकारको सूची, प्रान्त, विशेष संरचना, तथा स्वायत्त क्षेत्रहरू आदिका वारेमा पनि छलफल गरि निर्णय गरिएको थियो ।



दोस्रो दिनको कार्यक्रम दिवा शत्र सम्ममात्र संचलान भएको थियो । दोस्रो दिन पहिलो दिनमा भएको छलफलबाट निकालिएको निष्कर्षलाई पुनः सवै सहभागीहरु माझ छलफल चलाई संविधान तयार पारिएको थियो । यस कार्यक्रमको सहजीकरण बालकृष्ण माबुहाङ्गले गर्नु भएको थियो ।

## ४. सहभागिताको अवस्था

यस दुई दिवशिय कार्यशाला गोष्ठिमा संविधानको मस्यौदा तयार पार्नका लागि ५ दिवशिय कार्यशालामा रहनु भएका स्रोत व्यक्ति, सहजकर्ता तथा दलित, जनजाती र मुस्लिम अधिकारकर्मीहरुलाई नै उपस्थिति गराइएको थियो । यस कार्यक्रममा सहभागी, सहजकर्ता, स्रोत व्यक्ति र कर्मचारीहरु गरि जम्मा २९ जना सहभागी थिए । सहभागीहरुको जातीय विभिधतालाई निम्नानुसार उल्लेख गरिएको छ ।

| क.सं. | समूह | संख्या |
|---|---|---|
| १ | मुस्लिम | ४ |
| २ | दलित | १० |
| ३ | जनजाती | १५ |
| **जम्मा** | | **२९** |

### ५. कार्यक्रमको प्रमूख उपलब्धीहरु

यस कार्यक्रमले पाँच दिवशिय कार्यशालाद्वारा तयार पारिएको मस्यौदामा राष्ट्रिय परामर्श गोष्ठिद्वारा प्राप्त सल्लाह र सुझावलाई समावेश गरि बहिष्करणमा पारिएका समुदायको दृष्टिमा संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको समावेशी संविधान निर्माण गरि प्रकाशनको लागि तयार पार्‍यो ।